# आकाशवाणी समाचार- नेपाली

मितिः १० दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- गृहमन्त्री अमित शाहले वन्दे मातरम भारतको सांस्कृतिक राष्ट्रवाद जगाउने मन्त्र थियो र यो आज उत्तिकै सान्दर्भिक रहेको जति यो स्वतन्त्रता संग्रामको समयमा थियो भनी बताउनु भयो।

- प्रधानमन्त्री नरेन्द्र मोदीले एसियामा माइक्रोसफ्टको सबैभन्दा ठूलो लगानीलाई स्वागत गर्नु हुदै एआई- मा भारतको नेतृत्वप्रति आशा व्यक्त गर्नु भयो।

- केन्द्रीय मन्त्री अश्विनी वैष्णवले हिज अमेरिकी प्रविधि कम्पनी र विश्वको सबैभन्दा ठूलो सेमीकंडक्टर निर्माताहरू मध्ये एक, इन्टेलका प्रमुख कार्यकारी अधिकारी लिप-बू टेयनसंग भेट गर्नु भयो।

- ओडिशा विधान सभाले हिज सर्वसम्मतिले सदस्यहरूको तलब र भत्ता बढाउने विधेयक पारित गर्‍यो।

- टी- २० क्रिकेटमा भारतले दक्षिण अफ्रिकालाई १०१ रनले पराजित गरेको छ I

**<u>अमित शाह</u>**

गृहमन्त्री अमित शाहले हिज वन्दे मातरम भारतको सांस्कृतिक राष्ट्रवाद जगाउने मन्त्र थियो र यो आज उत्तिकै सान्दर्भिक रहेको जति यो स्वतन्त्रता संग्रामको समयमा थियो भनी बताउनु भयो। हिज राज्यसभामा वन्दे मातरम गीतको १५० औं वार्षिकोत्सवमा छलफल सुरु गर्नु हुदै श्री शाहले भन्नु भयो, देश विकसित भारत बन्ने दिशामा अगाडि बढ्दै जाँदा यो गीत सान्दर्भिक रहनेछ। गृहमन्त्रीले वन्दे मातरममा बहसको आवश्यकतामाथि प्रश्न उठाएको र यसलाई आगामी पश्चिम बंगालको चुनावसँग जोडेकोमा कांग्रेसको आलोचना गर्नु भयो। श्री शाहले भानु भयो, स्वतन्त्रता सेनानीहरू पहिले वन्दे मातरम गाएर हरेक बैठक सुरु गर्थे र आज जब वीर सैनिकहरूले सीमामा सर्वोच्च बलिदान दिन्छन्, तिनीहरू पनि वन्दे मातरम गाउँछन्।

BYTE

**<u>प्रधानमन्त्री-नडेला</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले एसियामा माइक्रोसफ्टको सबैभन्दा ठूलो लगानीलाई स्वागत गर्दै आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा भारतको नेतृत्वप्रति आशा व्यक्त गर्नु भयो। श्री मोदीले भन्नु भयो, जब एआई-को कुरा आउँछ, विश्व भारतप्रति आशावादी हुनेछ। प्रधानमन्त्रीले भारत त्यस्तो ठाउँ हुनुपर्छ जहाँ माइक्रोसफ्टको अहिलेसम्मकै सबैभन्दा ठूलो लगानी हुनेछ भन्ने कुरामा खुशी व्यक्त गर्नु भयो। उहाले भन्नु भयो, देशका युवाहरूले यो अवसरलाई नवीनता ल्याउन र एआईको शक्तिलाई राम्रोसँग प्रयोग गर्नेछन्। यसैबीच, माइक्रोसफ्टका अध्यक्ष तथा सीईओ सत्या नडेलाले भारतको एआई अवसरको बारेमा प्रेरणादायी छलफलको लागि श्री मोदीलाई धन्यवाद दिनु भयो। श्री नडेलाले भन्नु भयो, माइक्रोसफ्टले भारतको महत्वाकांक्षालाई समर्थन गर्न १७ अर्ब अमेरिकी डलरभन्दा बढी प्रतिबद्धता जनाएको छ। उहाले यो पहलले भारतलाई एआई-प्रथम भविष्यको लागि आवश्यक पूर्वाधार, क्षमता र विश्वव्यापी क्षमताहरू निर्माण गर्न मद्दत गर्ने बताउनु भयो।

केन्द्रीय **<u>वैष्णव-इन्टेल-सत्य नडेला</u>**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले हिज अमेरिकी प्रविधि कम्पनी र विश्वको सबैभन्दा ठूलो सेमीकंडक्टर निर्माताहरू मध्ये एक, इन्टेलका प्रमुख कार्यकारी अधिकारी लिप-बू टेयनसंग भेट गर्नु भयो। सामाजिक सञ्जाल पोस्टमा, श्री वैष्णवले भन्नु भयो, इन्टेल भारतको सेमीकंडक्टर यात्राको हिस्सा बन्न प्रतिबद्ध छ। उहाले इन्टेलले देशको सिलिकन

र कम्प्युट इकोसिस्टमलाई समर्थन गर्न भारतको टाटा समूहसँग एक प्रमुख गठबन्धन बनाएको बताउनु भयो। यसरी नै श्री वैष्णवले माइक्रोसफ्टका सीईओ सत्य नडेलासँग पनि भेट गर्नुभयो। श्री वैष्णवले सामाजिक सञ्जाल पोस्टमा भन्नु भयो, छलफलहरू एआई, अत्याधुनिक प्रविधिहरू र डेटा सार्वभौमिकताको सार्वजनिक प्रयोगमा केन्द्रित थिए। उहाले माइक्रोसफ्टको ऐतिहासिक लगानीले भारतको एक विश्वसनीय विश्वव्यापी प्रविधि साझेदारको रूपमा उदयलाई प्रतिबिम्बित गर्ने कुरामा जोड दिनु भयो । उहाले भन्नु भयो, यो साझेदारीले देशलाई डिजिटलबाट एआई सार्वजनिक पूर्वाधारमा अगाडि बढाउनेछ।

**प्रधानमंत्री -इंटेल**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको सेमीकंडक्टर उत्पादन यात्रालाई सहयोग गर्ने इन्टेलको प्रतिबद्धताको स्वागत गर्नुभएको छ। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्रीले इन्टेलका सीईओ लिप-बू ट्यानसँग भेट भएको बताउनु भएको छ। श्री मोदीले भारतीय युवाहरूसँग नवप्रवर्तन-संचालित भविष्यका प्रविधिहरू निर्माण गर्न काम गर्दा इन्टेलले धेरै राम्रो अनुभव हुने विश्वास व्यक्त गर्नुभएको छ।

**राष्ट्रपति मानव अधिकार दिवस**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको भारत मण्डपममा मानव अधिकार दिवस कार्यक्रमलाई सम्बोधन गर्नु हुनेछ। यो कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोगले आयोजना गरिरहेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा यसै दिन अपनाइएको थियो। यस वर्ष मानव अधिकार दिवसको विषयवस्तु सबैका लागि आवश्यक सार्वजनिक सेवाहरूमा सम्मानजनक पहुँच सुनिश्चित गर्नु हो। राष्ट्रिय मानव अधिकार आयोगले यस विषयमा राष्ट्रिय सम्मेलन आयोजना गर्नेछ। प्रधानमन्त्री कार्यालयका प्रमुख सचिव डा. पी.के. मिश्राले मुख्य सम्बोधन राख्नु हुनेछ। सम्मेलनमा राज्य मानव अधिकार आयोग, राष्ट्रिय आयोग, सरकार, नागरिक समाज र शिक्षाविद्का प्रतिनिधिहरूले भाग लिनेछन्।

**गोयल - आयुक्त**

केंद्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले व्यापार तथा आर्थिक सुरक्षाका लागि आयुक्त मारोस सेफोभिचसँग भेट गर्नुभयो र प्रस्तावित व्यापार सम्झौताका प्रमुख क्षेत्रहरूमा विस्तृत रूपमा छलफल गर्नुभयो। उहाँहरूले विभिन्न वार्ता माध्यमहरू मार्फत भएको निरन्तर प्रगतिको बारेमा पनि छलफल गर्दै पारस्परिक भ्रमणहरू मार्फत गति कायम राख्ने आवश्यकतामा सहमति जनाए। वाणिज्य तथा उद्योग मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ दुबै पक्षले साझा मूल्य, आर्थिक प्राथमिकता र नियम-आधारित व्यापार ढाँचाको प्रतिबद्धता अनुरूप निष्पक्ष, सन्तुलित र ठोस सम्झौतामा हस्ताक्षर गर्ने महत्त्वमा जोड दिए। यसका साथै यी रचनात्मक छलफलहरूले बाँकी रहेका मुद्दाहरू समाधान गर्न र व्यापक, पारस्परिक रूपमा लाभदायक परिणाम प्राप्त गर्न दुवै पक्षको राजनीतिक संकल्पलाई पुन: पुष्टि गरेको बताइएको छ।

**भारत-अमरीका-विदेश मंत्रालय परामर्श**

विदेश सचिव विक्रम मिस्री अनि अमरीकी उप विदेश मंत्री एलिसन हुकरको सह-अध्यक्षतामा भारत अनि अमरीकाबीच हिज नया दिल्लीमा विदेश मंत्रालयस्तरीय परामर्श बैठक सम्पन्न भयो । बैठकले भारत-अमेरिका व्यापक विश्वव्यापी रणनीतिक साझेदारीको विस्तृत समीक्षा गऱ्यो। विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, दुवै पक्षले व्यापार र लगानी, रक्षा सहयोग, ऊर्जा सहयोग, प्रविधि, महत्वपूर्ण खनिज र भरपर्दो आपूर्ति शृङ्खला लगायत प्रमुख द्विपक्षीय मुद्दाहरूमा छलफल गरे। मन्त्रालयले पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि छलफल गऱ्यो। दुवै पक्षले स्वतन्त्र र खुला इन्डो-प्यासिफिक क्षेत्रप्रति आफ्नो साझा प्रतिबद्धता पनि व्यक्त गरे र आफ्नो अवस्थित संवाद संयन्त्रमा निरन्तर प्रगतिको स्वागत गरे। उनीहरूले २१ औं शताब्दीको लागि सैन्य साझेदारी, द्रुत वाणिज्य, र प्रविधि अवसरहरूलाई उत्प्रेरित गर्ने लगायत साझेदारीका प्रमुख स्तम्भहरूमा रूपान्तरणकारी सहयोग बढाउन उपायहरूको कार्यान्वयनलाई तीव्रता दिन पनि सहमति जनाए।

**रिजर्भ बैंक**

भारतीय रिजर्भ बैंकका गभर्नर सञ्जय मल्होत्राले मुम्बईमा प्रमुख सार्वजनिक तथा निजी क्षेत्रका बैंकहरूका प्रबन्ध निर्देशकहरू र प्रमुख कार्यकारी अधिकारीहरूसँगको बैठकमा दिगो आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न हालै गरिएको ब्याजदर कटौतीको लाभ ग्राहकहरूलाई हस्तान्तरण गर्न आग्रह गर्नु भएको छ । रिजर्भ बैंकले आर्थिक वृद्धिलाई बढावा दिन फरवरी २०२५ देखि प्रमुख नीतिगत दर १२५ आधार अंकले घटाएर ५.२५ प्रतिशतमा पुऱ्याएको छ। भारतले चालू आर्थिक वर्षको पहिलो छ महीनामा ८ प्रतिशतको बलियो जीडीपी वृद्धि रेकर्ड गरेको छ। शीर्ष बैंक व्यवस्थापनसँग केन्द्रीय बैंकको नियमित अन्तरक्रियामा, रिजर्भ बैंकका गभर्नरले बैंकिङ क्षेत्रमा सुधारहरूमाथि प्रकाश पार्नु भयो । उहाले बैंकहरूलाई उदीयमान जोखिमहरू विरुद्ध सतर्क रहन आग्रह गर्नु भयो । श्री मल्होत्राले ब्याजदर कटौती र राम्रो प्रविधिको प्रयोगले लागत घटाउने, दक्षता बढाउने र वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्ने बताउनु भयो । उहाले डिजिटल ठगी रोक्न सुधारिएको ग्राहक सेवा, गुनासो घटाउने र सुरक्षा उपायहरूलाई बलियो बनाउने कुरोमा पनि जोड दिनु भयो । बैठकमा चार जना डेपुटी गभर्नरहरू र आरबीआईका वरिष्ठ अधिकारीहरू उपस्थित थिए।

## ओडिशा विधायक- वेतन

ओडिशा विधान सभाले हिज सर्वसम्मतिले सदस्यहरूको तलब र भत्ता बढाउने विधेयक पारित गऱ्यो। यो तीन गुणाभन्दा बढी वृद्धि हो। हिज पारित चार विधेयक अनुसार, तलब र भत्ता वृद्धि ५ जुन २०२४ को पूर्वव्यापी प्रभावको साथ लागू हुनेछ। तलब र भत्ता वृद्धि मुख्यमन्त्री, उपमुख्यमन्त्री, मन्त्री, विधानसभा अध्यक्ष , उपाध्यक्ष , विपक्षी दलका नेता, प्रमुख सचेतक र उपप्रमुख सचेतक लगायत सबै प्रमुख पदाधिकारीहरूमा लागू हुनेछ। नयाँ प्रावधान अन्तर्गत, पूर्व विधायकहरूले पनि उच्च पेन्सन रकम र भत्ता प्राप्त गर्नेछन्। नयाँ ऐन अन्तर्गत, एक विधायकको मासिक आधारभूत तलब ३५ हजारबाट बढाएर ९० हजार गरिएको छ।

## गोवा आग दुर्घटना

गोवा पुलिसले एक नाइटक्लबमा भएको भयावह आगलागीको मामिलामा चार मालिकमध्ये एक अजय गुप्तालाई हिरासतमा लिएको छ। शनिबार नाइटक्लबमा भएको ठूलो आगलागीमा २५ जनाको मृत्यु भएको थियो। राज्य पुलिसले अजय गुप्ता र अर्का मालिक सुरिंदर कुमार खोसला विरुद्ध लुकआउट नोटिस जारी गरेको थियो। गोवा पुलिसले अजय गुप्ता यस मुद्दामा पक्राउ परेका छैटौं अभियुक्त भएको बताएको छ। नाइटक्लबका अन्य दुई मालिक - सौरभ लुथरा र गौरव लुथरा - फरार छन् र उनीहरू विरुद्ध ब्लू कर्नर नोटिस जारी गरिएको छ।

## क्रिकेट

पाँच म्याचको टी-२० क्रिकेट शृङ्खलाको पहिलो म्याचमा भारतले दक्षिण अफ्रिकालाई १०१ रनले पराजित गरेको छ । ओडिशाको कटकस्थित बाराबती स्टेडियममा १७६ रनको लक्ष्य पछयाउँदै दक्षिण अफ्रिका ७४ रनमा ध्वस्त भयो। भारतीय बलरहरूले धेरै उत्कृष्ट प्रदर्शन गरे। भारतका लागि अर्शदीप सिंह, जसप्रीत बुमराह, वरुण चक्रवर्ती र अक्षर पटेलले दुई-दुई विकेट लिए। यसअघि हार्दिक पाण्ड्याको २८ बलमा ५९ रनले भारतलाई निर्धारित २० ओभरमा १७५ रन बनाउन सहयोग गऱ्यो। हार्दिक पाण्ड्यालाई प्लेयर अफ द म्याच घोषित गरियो। भारत र दक्षिण अफ्रिकाबीचको दोस्रो ट्वान्टी-२० क्रिकेट म्याच ११ डिसेम्बर ११ चण्डीगढको मुल्लानपुरस्थित महाराजा यादविन्द्र सिंह अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा हुनेछ।

****** ० ******